☎: +९७७ ०५७-५९१०२४
: bagmatimun.makwanpur@gmail.com
: www.bagmatimunmakawanpur.gov.np

**स्थानीय सरकार**

**Local Government**

# बागमती गाउँपालिका

# Bagmati Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of Rural Municipal Executive

**झुर्झुरे, मकवानपुर**

Jhurjhure, Makawanpur

**बागमती प्रदेश, नेपाल**

**Bagmati Province, Nepal**

प.सं.: २०८३/०८४

सू.नं.: ०५

## सेवा करारमा पशु चिकित्सक पदपूर्ति गर्ने सम्वन्धी सूचना

***(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०६/०१)***

***ने. सं. ११४६ यंलाथ्व षष्ठी, बिहीबार***

चालु आ.व २०८३/०८४ मा विनियोजित सङ्घीय सशर्त कार्यक्रम अन्तर्गत स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम एवं बागमती गाउँ कार्यपालिकाको मिति २०८३।०५।२६ गतेको निर्णयानुसार पशु चिकित्सक पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | सेवा, सुविधा | दरखास्त दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/०८३/०८४ | पशु चिकित्सक | अधिकृतस्तर छैटौं | १ (एक) | कार्यविधिमा उल्लेख भए बमोजिम | १,०००/- | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क) शैक्षिक योग्यताः

- मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सक विषयमा B.V. Sc & AH/B.V.Sc वा सो सरहको स्नातक तह उत्तीर्ण भई नेपाल पशु चिकित्सक परिषद्मा दर्ता भएको,

ख) कुनै फौजदारी अभियोग नलागेको,

ग) दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको,

घ) अन्य आवश्यक कागजातहरु।

२. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैंले प्रमाणित गरी दरखास्त फाराममा संलग्न गर्नु पर्नेछ।

३. दरखास्त दिने स्थानः बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झुर्झुरे, मकवानपुर।

४. दरखास्त दिने अन्तिम मितिः २०८३/०६/१५ गते कार्यालय समय भित्र एवं उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र।

५. दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः तोकिएको दरखास्त दस्तुर सानिमा बैंक लि. बागमती शाखामा रहेको बागमती गाउँपालिका ग-१-१- आन्तरिक राजश्व खाता नं. ०६२०१००४००००००३ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजस्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

६. परीक्षाको किसिमः लिखित परीक्षा र अन्तर्वार्ता।

७. परीक्षाको मिति पछि प्रकाशन गरिनेछ।

८. कार्यविवरणः गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम।

९. करार अवधिः २०८३ साल पौष मसान्त सम्म।

१०. दरखास्त फाराम यस गाउँपालिकाको वेभसाइट www.bagmatimunmakwanpur.gov.np मा प्राप्त गर्न सकिनेछ। साथै दरखास्त फाराम भरी गाउँपालिकाको Email: bagmatimun.makwanpur@gmail.com मा बुझाउन सकिनेछ।

.............................................
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः थप जानकारीका लागि पशुपन्छी विकास शाखामा कार्यरत निकास भोलोन मो.नं. ९८४३८२७८०३ र प्रशासन शाखामा कार्यरत जोनी कुमार गुप्ता आलोकको मो.नं. ९८४९६९५६०४ मा सम्पर्क गर्नुहोला।*